# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, असार १६ गते २०६० साल (अतिरिक्ताङ्क १४

## भाग २

### श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६० सालको अध्यादेश नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न बनेको अध्यादेश

प्रस्तावना : श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही महसुल, कर, पोत, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालू

556

राख्न वा हेरफेर गर्न तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित कानूनलाई संशोधन समेत गर्न तत्काल आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरी बक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "आर्थिक अध्यादेश, २०६०" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो अध्यादेश २०६० साल असार मसान्तसम्म बहाल रहनेछ ।

२. भंसार महसुल : (१) विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने माल वस्तुहरुमा अनुसूची-१ बमोजिम भंसार महसुल लगाइने र असुल उपर गरिनेछ ।

(२) नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने माल वस्तुहरुमा अनुसूची-२ बमोजिम भंसार महसुल लगाइने र असुल उपर गरिनेछ ।

३. निकासी सेवा शुल्क : आर्थिक वर्ष २०५९/६० मा आर्थिक ऐन, २०५८ बमोजिम निकासी सेवा शुल्क लगाइने र असुलउपर गरिनेछ ।

४. कृषि सुधार शुल्क : आर्थिक वर्ष २०५९/६० मा आर्थिक ऐन, २०५८ को अनुसूची-१ को दफा १८ मा उल्लिखित मालवस्तु पैठारी हुँदा पैठारी मूल्यमा दश प्रतिशतका दरले कृषि सुधार शुल्क लगाई असुलउपर गरिनेछ ।

तर त्यस्ता मालवस्तुहरुको पैठारी हुंदा भन्सार महसुल लाग्ने रहेछ भने त्यस्तो पैठारीमा कृषि सुधार शुल्क लाग्ने छैन ।

५. धूमपान तथा मदिरा दस्तुर : (१) आर्थिक वर्ष २०५९।६० मा चुरोट, मदिरा, वियर आदिको उत्पादन तथा पैठारीमा देहाय बमोजिम दस्तुर लगाइने र असुल उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) स्वदेशी चुरोट प्रति खिल्लीमा दुई पैसा ।

(ख) विदेशी चुरोट प्रति खिल्लीमा पाँच पैसा ।

(ग) सिगार प्रति खिल्लीमा दश पैसा ।

(घ) २५,३० र ४० यू.पी. शक्तिको स्वदेशी वोतलबन्दी मदिरा प्रति एल.पी. लिटरमा दश रुपैयाँ ।

(ङ) ५५ र ६५ यू.पी. शक्तिको स्वदेशी वोतलबन्दी मदिरा प्रति एल.पी. लिटरमा पाँच रुपैयाँ ।

(च) स्वदेशी वियर प्रति लिटरमा एक रुपैयाँ ।

(छ) विदेशी मदिरा प्रति वोतल र क्यानमा बीस रुपैयाँ ।

(ज) विदेशी वियर, वाइन, स्याम्पेन, शेरी र यस्तै फर्मेण्टेड प्रक्रियाबाट उत्पादित अल्कोहल कम भएका पेय पदार्थ प्रति वोतल र क्यानमा पाँच रुपैयाँ ।

तर विदेशमा गरिएको निकासी र वण्डेड वेयर हाउस तथा करमुक्त पसलबाट हुने बिक्रीमा यस्तो दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) बमोजिम असुल भएको दस्तुर स्वास्थ्य कर कोषमा जम्मा गरी त्यसको निश्चित रकम क्यान्सर, क्षयरोग तथा यस्तै अन्य रोगको रोकथाम तथा उपचार कार्यमा खर्च गरिनेछ ।

६. मदिरा नियन्त्रण सेवा दस्तुर : (१) आर्थिक वर्ष २०५९।६० मा सबै प्रकारका मदिराको उत्पादन वा पैठारीमा प्रति एल.पी. लिटर एक रुपैयाँ तथा वाइन र वियरको उत्पादन वा पैठारीमा क्रमश: प्रतिलिटर पचास पैसा र पच्चीस पैसा मदिरा नियन्त्रण सेवा दस्तुर लगाई असुल उपर गरिनेछ ।

तर विदेशमा गरिएको निकासी र वण्डेड वेयर हाउस तथा करमुक्त पसलबाट हुने बिक्रीमा यस्तो दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) बमोजिम असुल भएको दस्तुर मदिरा नियन्त्रण सेवा दस्तुर कोषमा जम्मा गरी सो रकम अवैध मदिरा नियन्त्रण गर्ने कार्यमा खर्च गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यस्तो रकमको दश प्रतिशतसम्म रकम आन्तरिक राजश्व विभाग र सो विभाग अन्तर्गतका कार्यालयहरुको प्रशासनिक तथा भौतिक सुधारका कार्यमा खर्च गर्न सकिनेछ ।

(३) कोषको हिसाब किताबको लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनु पर्नेछ ।

७. चलचित्र विकास शुल्क : (१) आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ को अनुसूची-५ बमोजिम चलचित्र विकास शुल्क लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक ऐन, २०५८ को अनुसूची-५ को दफा ४ को सट्टा देहायको दफा ४ राखिएकोछ :-

"४. आ.व ०५९।६० मा चलचित्र विकास शुल्कको दैनिक न्युनतम दर सबै श्रेणीको कुल सिट क्षमताको आधारमा असुल हुने जम्मा चलचित्र विकास शुल्कको बीस प्रतिशतले हुने रकम बराबर कायम गरिएकोछ ।"

८. सवारी साधन कर : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ को अनुसूची-७ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

९. रजिष्ट्रेशन दस्तुर, सेवा दस्तुर र घरजग्गा रोक्का दस्तुर : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ को अनसूची-८ बमोजिम रजिष्ट्रेशन दस्तुर, सेवा दस्तुर र घरजग्गा रोक्का दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

१०. स्थानीय विकास शुल्क : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ बमोजिम स्थानीय विकाश शुल्क लगाई असुल उपर गरिनेछ ।

११. प्रदूषण नियन्त्रण शुल्क : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ बमोजिम प्रदूषण नियन्त्रण शुल्क लगाई असुल उपर गरिनेछ ।

१२. टेलिफोन स्वामित्व शुल्क : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ बमोजिम टेलिफोन स्वामित्व शुल्क लगाई असुल उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. पर्यटन सेवा शुल्क : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ को अनुसूची-९ बमोजिम पर्यटन सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४. ग्रामीण शिक्षा विकास शुल्क : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ बमोजिम ग्रामीण शिक्षा विकास शुल्क लगाई असुल उपर गरिनेछ ।

१५. आकस्मिक लाभ कर : आर्थिक वर्ष २०५९।६० मा चिठ्ठा, उपहार, पुरस्कार, जितौरी तथा अन्य कुनै पनि आकस्मिक लाभ वापतको नगद भुक्तानीमा र जिन्सी भए प्रचलित बजार मूल्य कायम गरी सो वापत हुने भुक्तानीमा भुक्तानीकै अवस्थामा भुक्तानीकर्ताले भुक्तानी रकमको पच्चीस प्रतिशतका दरले आकस्मिक लाभ कर कट्टी गरी पन्ध्र दिनभित्र आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्नेछ । यसरी दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले शुल्क लगाई असुल उपर गरिनेछ । यसरी लागेको कर र शुल्क दाखिला नभएमा सरकारी बाँकी सरह भुक्तानीकर्ता वा भुक्तानी पाउने व्यक्तिबाट असुल उपर गरिनेछ ।

१६. क्यासिनो रोयल्टी : (१) आर्थिक वर्ष २०५९।६० मा नेपाल अधिराज्यमा रहेका क्यासिनोले वार्षिक एक करोड पैंतिस लाख रुपैयाँ रोयल्टी तिर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्यासिनोले तिर्नुपर्ने वार्षिक रोयल्टी वापत मासिक दामासाहीले हुन आउने रकम प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र रोयल्टी नबुझाउने क्यासिनोलाई वार्षिक पन्ध्र प्रतिशतका दरले शुल्क समेत लगाई रोयल्टी रकम असुल उपर गर्नु पर्नेछ । तीन महिनासम्म पनि बाँकी रोयल्टी र शुल्क नबुझाउने क्यासिनोलाई कर अधिकृतले बन्द गर्न आदेश दिन सक्नेछ ।

(४) यस दफा बमोजिम असुल उपर गर्नुपर्ने रोयल्टी र शुल्क दाखिला नभएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. विशेष शुल्कः (१) विदेशबाट नेपाल अधिराज्यमा पैठारी हुने मालवस्तुहरुमा भन्सार प्रयोजनको लागि कायम भएको मूल्यमा देहायका दरले हुने रकम विशेष शुल्क वापत भन्सार बिन्दुमै लगाई असुल उपर गरिनेछ :-

(क) पाँच प्रतिशतसम्म भन्सार महसुल असुल हुने मालवस्तुमा मोलको एक प्रतिशत र सो भन्दा बढी भन्सार महसुल असुल हुने मालवस्तुमा मोलको तीन प्रतिशत ।

तर,-

(१) पच्चीस प्रतिशत भन्दा बढी भन्सार महसुल लाग्ने भाग ८७ अन्तर्गतका सवारी साधनहरुको मूल्यमा दश प्रतिशतले विशेष शुल्क लाग्नेछ ।

(२) साढे दुई प्रतिशत वा सो भन्दा कम भन्सार महसुल असुल हुने मालवस्तुको हकमा विशेष शुल्क लाग्ने छैन ।

(ख) पेट्रोल, डिजेल र मट्टितेल बाहेक परिमाणात्मक दरमा भन्सार महसुल लाग्ने अन्य मालवस्तुमा मोलको तीन प्रतिशत ।

(ग) आर्थिक ऐन, २०५८ को अनुसूची-१ को दफा १ को शीर्षक २७१०.११.१२ को पेट्रोल, २७१०.११.१५ को मट्टितेल र २७१०.११.१७ को डिजेलमा प्रति लिटर एक रुपैयाँ ।

(२) आयकर ऐन, २०५८ वमोजिमका निकाय तथा गैर बासिन्दा व्यक्तिलाई आयकर प्रयोजनको लागि कायम हुने करयोग्य आयमा र बासिन्दा प्राकृतिक व्यक्ति वा दम्पतीलाई आयकर प्रयोजनको लागि कायम हुने सोही ऐनको अनुसुची – १ को दफा १



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को उपदफा (१) को खण्ड (ग) वा सोही दफाको उपदफा (२) को खण्ड (ग) मा उल्लिखित करयोग्य आय भन्दा बढी भएको करयोग्य आयमा तीन प्रतिशतका दरले हुने रकम विशेष शुल्क लगाई आयकर असुल गर्दाकै समयमा असुल उपर गरिनेछ । यस्तो विशेष शुल्क आयकर ऐन, २०५८ को दफा ९४ बमोजिम चालू आर्थिक वर्षको कर किस्ताबन्दीमा बुझाउँदा अग्रिम किस्ताबन्दीको रुपमा बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम तिर्नुपर्ने विशेष शुल्क एक आपसमा मिलान गर्न पाइने छैन ।

१८. दूरसंचार सेवा दस्तुर : आर्थिक वर्ष २०५९।६० मा आर्थिक ऐन, २०५८ बमोजिम दूरसंचार सेवा दस्तुर लगाई असुल उपर गरिनेछ ।

१९. दर घटाउन वा छूट दिन सक्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस अध्यादेश र प्रचलित कानून बमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल र करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल र कर आंशिक वा पूर्णरुपमा छूट दिन सक्नेछ ।

२०. मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को,-

(१) दफा २ को खण्ड (न) को सट्टा देहायको खण्ड (न) राखिएको छ :-

"(न) "कर अधिकृत" भन्नाले यस ऐनको प्रयोजनकोलागि श्री ५ को सरकारले नियुक्त गरेको कर अधिकृत, प्रमुख कर अधिकृत र प्रमुख कर प्रशासक सम्झनु पर्छ र सो शब्दले विभागका शाखा अधिकृत, निर्देशक र उप-महानिर्देशक वा यस ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी श्री ५ को सरकारले तोकेको अन्य कुनै अधिकृत समेतलाई जनाउनेछ ।"

(२) दफा ७ को उपदफा (१) को सट्टा देहायको दफा ७ को उपदफा (१) राखिएको छ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

582

"(१) यस ऐन बमोजिम लाग्ने करको दर दस प्रतिशतको एकल दर हुनेछ ।"

(३) दफा ११ को उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) लगातार एक वर्षसम्म शून्य विवरण दिने वा विवरण नै नदिई बसेका करदाता भएमा,"

(४) दफा १२ पछि देहायको दफा १२क. थपिएकोछ :-

"१२क. काठको कारोबारमा कर लाग्ने मूल्यः (१) राष्ट्रिय वनको काठ लिलामी, छोडपूर्जी, वा चिरान आदेश पाएको समयमध्ये जुन पहिले हुन्छ, सो समयमा त्यस्तो काठको रोयल्टी रकममा शत प्रतिशत थप गरी हुन आउने रकममा कर लगाई असुलउपर गरिनेछ ।

(२) निजी आवादी, निजी वन वा सामुदायिक वनको काठ व्यापारिक प्रयोजनकोलागि बिक्री गरेमा रोयल्टी नलाग्ने भए पनि उपदफा (१) मा व्यवस्था भए बमोजिम राष्ट्रिय वनको काठ सरह नै कर लाग्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि रोयल्टी मूल्यमा शतप्रतिशत थप गरी हुन आउने रकमभन्दा लिलामी रकम वढी भएमा लिलामी रकममा नै कर लाग्नेछ ।

(४) दर्ता भएको व्यक्तिले उपदफा (१), (२) र (३) बमोजिम तिरेको कर कट्टी गर्न पाउनेछ ।"

(५) दफा १४ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर दश लाख रुपैयाँभन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले दर्ता नभएको भएपनि आफ्नो नाम, ठेगाना तथा स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बर सहितको बिजक जारी गर्नु पर्नेछ ।"

(ख) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) व्यापारिक प्रयोजनकोलागि दश हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु वा सेवा खरीद गर्नेले दर्ता भएको व्यक्तिसंग खरीद गरी विजक लिनु पर्नेछ । यस्तो मालसामान ढुवानी गर्दा खरीद विजक साथमा रहेको हुनु पर्नेछ ।"

(६) दफा १८ को,-

(क) उपदफा (१) मा रहेका "कर अधिकृत समक्ष" भन्ने शव्दहरु पछि "वा हुलाकबाट रजिष्ट्री गरी" भन्ने शव्दहरु थपिएका छन् ।

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछ :-

"(१क.) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आन्तरिक राजश्व कार्यालय नभएका जिल्लाका करदाताले प्रत्येक महिना आफुले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पन्ध्र दिन भित्र श्री ५ को सरकारले तोकिदिएको जिल्लाको कोप तथा लेखा नियन्त्रक कार्यालय समक्ष तोकिदिए बमोजिम कर विवरण पेश गर्न सक्नेछ । यसरी प्राप्त भएको कर विवरण त्यस्तो कोप तथा लेखा नियन्त्रक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयले सात दिनभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्नेछ ।"

(७) दफा १९ को उपदफा (१) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्याशं थपिएको छ :-

"तर दफा १८ को उपदफा (१क.) बमोजिम कर विवरण पेश गर्ने करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पन्ध्र दिन भित्र कर विवरण पेश गरेको कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) दफा २३ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएकोछ :-

"(२क) उपदफा (२) बमोजिम कर अधिकृतले करदाताको कारोवार स्थलको जाँचबुझ गर्दा करदाताले कुनै वस्तु प्रचलित बजार मूल्य भन्दा अस्वाभाविकरुपले बिक्री मूल्य कम देखाई न्यून विजकीकरण गरी विजक जारी गरेको पाएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि त्यसरी न्यून विजकीकरण गरी बिक्री गरिएको त्यस्तै प्रकृतिको मौज्दातमा बाँकी रहेको अन्य वस्तु रोक्का राखी करदाताले न्यून विजकीकरण गरि बिक्री गरेको मूल्यमा आन्तरिक राजश्व विभाग वा आन्तरिक राजश्व कार्यालयले खरीद गर्न वा गराउन सक्नेछ ।"

(९) दफा २५ को उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएको छः-

"(१क.) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुटनैतिक निकाय वा व्यक्तिले कर लाग्ने वस्तु वा सेवा खरीद गर्दा एक पटकमा एक हजार पाँचसय रुपैयाँभन्दा कमको खरीदमा कर फिर्ता गरिने छैन ।"

(१०) दफा २६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२) उपदफा (१) को प्रयोजनको लागि ब्याजको दर वार्षिक पन्ध्र प्रतिशत हुनेछ ।"

(११) दफा २९ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) दफा १४ को उपदफा (१) र (४) को व्यवस्था उल्लंघन गरेमा प्रत्येक पटक पाँचहजार रुपैयाँ जरिवाना गरी लाग्ने कर समेत असुल गरिनेछ ।"

(१२) दफा ३४ पछि देहायको दफा ३४क थपिएको छ :-

"३४क. विशेषज्ञको सेवा लिन सक्ने : श्री ५ को सरकारले कर परीक्षण सम्बन्धी कार्यको लागि सम्बन्धित विशेषज्ञको सेवा लिन सक्नेछ र यस्ता विशेषज्ञका सम्बन्धमा दफा ३७ मा उल्लिखित सरकारी गोप्यता सम्बन्धी व्यवस्था लागू हुनेछ ।"

(१३) अनुसूची- १ र २ को सट्टा देहायका अनुसूची - १ र २ राखिएको छन् :

"अनुसूची-१
(दफा ५ को उपदफा (३) संग सम्बन्धित)
कर छुट हुने वस्तु तथा सेवाहरु

समूह १ : आधारभूत कृषि उत्पादनहरु

(क) धान, चामल, गहूँ , मकै, जौ, कोदो , फापर , दलहन , दाल , पिठो, सुजी, ग्रिट्स, चना, बोडी, केराउ, सिमी तथा यस्तै खाद्यान्नको रुपमा प्रयोग हुने आधारभूत अप्रशोधित कृषि उत्पादनहरु र तिनको अवशेष,

(ख) हरियो तथा ताजा सागसब्जी, ताजा फलफूल, ताजा फूल, कन्दमूल तथा फलफूल, तरकारी र कन्दमूलको रुपमा प्रयोग हुने ताजा तथा अप्रशोधित कृषि उत्पादनहरु (होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्ति बाहेक),



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अप्रशोधित नगदेवाली (जस्तै उखु, कपास, अलैंची, अदुवा र सूठो, सनपाट, किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती, चियाको पात, प्रांगारिक मल प्रयोग गरी उत्पादन भएको प्रमाणित अर्थोडक्स चिया, कफिको गेडा, भटमास, बदाम, रायोको गेडा, तोरीको गेडा, सर्स्युंको गेडा, सूर्यमुखीको गेडा, तीलको गेडा) र त्यसवाट निस्केको पिना,

(घ) जडीबुटी (तिनको सार समेत) ।

समूह २ : आधारभूत आवश्यकताका वस्तुहरु

(क) अप्रशोधित तोरीको तेल,

(ख) धारा तथा टेंकरवाट खुला रुपमा आपूर्ति हुने पिउने पानी,

(ग) दाउरा र गोल,

(घ) मट्टीतेल (हवाई इन्धन वाहेक),

(ङ) नून ।

समूह ३ : जीवजन्तु तथा सोको उपज

(क) खसी, वोका, भेंडा, चौरी, राँगा, बदेल, सुंगुर, खरायो र यस्तै अन्य जनावर र तिनको अप्रशोधित काँचो परिकारहरु,

(ख) गाई, भैसी, बाख्री र तिनको ताजा दूध (पास्चराईज्ड समेत) तथा ताजा दही,

(ग) हाँस, कुखुरा, टर्की, लौकाट र यस्तै अन्य पंक्षीहरु, तिनको ताजा मासु, अप्रशोधित काँचो परिकारहरु र अण्डा,

(घ) ताजा वा सुकाएको माछा (प्याकिङ्ग गरिएको वाहेक) ।

समूह ४ : कृषि सामग्रीहरु

(क) समूह १ मा उल्लिखित वाली विरुवाको वीउ वीजन,

(ख) मल, रासायनिक मल र माटोको उपचार सामग्री,

(ग) कृषि कार्यमा प्रयोग हुने सामान्य औजारहरु : जमीन खन्ने तथा सफा गर्ने हाते औजारहरु, हाते आरा वाहेक झारपात तथा काठ काट्ने हाते औजारहरु, अन्नको गेडा झार्ने र भूस सफा गर्ने हाते औजारहरु, पशुहरुको चारा काट्ने हाते औजारहरु तथा हलोमा प्रयोग गरिने फाली,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) पूर्ण रुपमा वा मुख्य रुपमा बालीनालीमा प्रयोग हुने कीटनाशक रसायनहरु,

(ङ) कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरु, मत्स्य इन्कुवेटर, ८ अश्वशक्ति सम्मको पम्पिङ सेट र सो को ३० मिटर सम्मको होज पाइप,

(च) कुखुराले पानी पिउने भाँडो, कुखुराको चल्ला राख्ने बाकस र अण्डा राख्ने क्रेट,

(छ) पशुपंक्षीको दाना र फिडसप्लिमेण्टका तोकिएका पदार्थ इनग्रेडिएन्ट मात्र ।

समूह ५ : औषधी उपचार र यस्तै स्वास्थ्य सेवाहरु

(क) सरकारी स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने चिकित्सा वा शल्यक्रिया सेवा,

(ख) मानव रगत र मानव रक्तजन्य पदार्थहरु र भ्याक्सिन,

(ग) चिकित्सा अनुसन्धानमा प्रयोग हुने मानव वा जनावरका अंग तथा तन्तुहरु,

(घ) पशु उपचार तथा मानवीय उपचारका औषधीहरु र गर्भ निरोधक साधनहरु,

(ङ) अशक्त र अपांग व्यक्तिहरुको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी बनेका साधनहरु,

(च) एक्स-रे फिल्म र उपचारको निमित्त प्रयोग हुने अक्सीजन ग्याँस,

(छ) औषधी उद्योग आफैले पैठारी वा खरीद गरेको औषधी व्यवस्था विभागले तोकेको हदसम्मको औषधीको कच्चा पदार्थ ।

समूह ६ : शिक्षा

(क) विद्यालय तथा विश्वविद्यालयमा हुने अनुसन्धान सम्वन्धी कार्यहरु,

(ख) नाफा आर्जन गर्ने उद्देश्य नभएको व्यावसायिक वा पेशागत तालिम वा पुनर्ताजगी तालिमहरु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) विद्यालय तथा विश्वविद्यालयहरुले प्रदान गर्ने शिक्षण सेवा ।

समूह ७ : किताब, अखवार र मुद्रित सामग्रीहरु

(क) पुस्तक, अखवार, पत्रपत्रिका र आवधिक प्रकाशनहरु,

(ख) अखवारी कागज ।

समूह ८ : सांस्कृतिक, कलात्मक र कालीगढी सेवा

(क) चित्रकला, मूर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरु र तत्सम्बन्धी सेवा,

(ख) सांस्कृतिक कार्यक्रम,

(ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा वनस्पति उद्यान (राष्ट्रिय निकुञ्ज) को प्रवेश शुल्क ।

समूह ९ : यात्रुवाहक यातायात तथा ढुवानी सेवाहरु

हवाई यात्रा, गैर पर्यटकीय यातायात (केवुलकार वाहेक) तथा ढुवानी सेवाहरु (आपूर्तिसंग सम्बन्धित ढुवानी सेवा बाहेक) ।

समूह १० : व्यावसायिक वा पेशागत सेवा

कलाकार, खेलाडी, लेखक,नमूनाकार, अनुवादक, दोभाषेले संस्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा ।

समूह ११ : अन्य वस्तु तथा सेवा

१. हुलाक सेवा (श्री ५ को सरकारबाट संचालित मात्र)

(क) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्वन्धी सेवा,

(ख) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन हस्तान्तरण सम्वन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरु,

(ग) हुलाक टिकट ।

२. वित्तीय तथा वीमा सेवा ।

३. वैंक नोट तथा चेक वूक

(क) नेपाली नोटको छपाइ तथा निष्काशन,

(ख) नेपाल अधिराज्य वाहिरवाट नेपाल अधिराज्य भित्र हुने वैंक नोटको आपूर्ति,



६९० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) चेक बूक ।

४. सुन, चाँदी

(क) सुन, सुनका सिक्का र सुनका गहना,

(ख) चाँदी, चाँदीका सिक्का (चाँदीका अन्य तैयारी वस्तु र गरगहना बाहेक) ।

५. विद्युत ।

६. कच्चा ऊन ।

७. ब्याट्रीबाट चल्ने टेम्पो, तिनको चेसिस र ब्याट्री ।

८. वैकल्पिक उर्जा केन्द्रको सिफारिसमा वायो ग्यास, सौर्य शक्ति र वायु शक्तिबाट उर्जा उत्पादन गर्ने सबै संयन्त्र तथा उपकरणहरु ।

९. हवाईजहाज, हेलीकप्टर, दमकल, एम्बुलेन्स ।

१०. जुटका उत्पादनहरु ।

११. भन्सार दरबन्दीको भाग ८४ का अधिकतम ५ प्रतिशतसम्म भन्सार महसुल लाग्ने औद्योगिक मेशिनरीहरु ।

१२. ऊनी गलैंचा तथा गलैंचाको ऊनी धागो कताई, रंगाई, धुलाई र बुनाई ।

१३. सूतिको साडी, लुङगी, धोती (मर्दाना/जनाना) पेटानी र गम्छा ।

१४. सूति धागो ।

१५. स्वदेशमै हातले बुनिने स्वीटरमा प्रयोग हुने ऊनी धागो (कृत्रिम र एक्रेलिक बाहेक) ।

१६. श्री ५ को सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरु ।

१७. भिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको भन्सार महसुल नलाग्ने व्यक्तिगत प्रयोजनका वस्तुहरु ।

१८. कपडा तथा सलाई (काठको कांटी मात्र) उद्योगहरु र शत प्रतिशत स्वदेशी फलामको पत्रु (स्क्रेप) प्रयोग गरी देश भित्र डण्डी वा इन्गट उत्पादन गर्ने उद्योगहरुले आफ्नो मूल्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अभिवृद्धिमा उठाएको कर श्री ५ को सरकारले तोके बमोजिम ती उद्योगहरुलाई फिर्ता गरिनेछ ।

तर शत प्रतिशत स्वदेशी फलामको पत्र प्रयोग गरी उत्पादन गर्ने उद्योगलाई आफुले उठाएको कर रकमको ५० प्रतिशतमात्र फिर्ता गरिनेछ ।

समूह १२ : भवन र जग्गा

घर तथा जग्गाको खरीद बिक्री तथा बहाल (होटल, गेष्टहाउस जस्तो व्यावसायिक रुपमा संचालित निकायले उपलब्ध गराउने सेवा बाहेक) ।

समूह १३ : बाजी, क्यासिनो र चिठ्ठा

बाजी वा जुवा खेलाउनका निमित्त प्रदान गरिने सुविधा सम्वन्धी क्रियाकलाप, चिठ्ठा ।

द्रष्टव्य:

कर छूट गरिएका वस्तु तथा सेवाहरुको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड तोक्ने काम विभागले गर्न सक्नेछ ।

अनुसूची-२

(दफा ७ को उपदफा (२) संग सम्बन्धित)

सून्य दर लाग्ने वस्तु तथा सेवाहरु

१. श्री ५, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज तथा राजपरिवारका सदस्यहरुबाट खरीद तथा पैठारी हुने वस्तु तथा सेवाहरु ।

२. नेपाल अधिराज्यबाहिर निर्यात हुने वस्तुहरु :

वस्तुको आपूर्ति देहाय बमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा,-

(क) नेपाल अधिराज्यबाहिर निर्यात गरेको, वा

(ख) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तराष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको, वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तराष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको ।

३. नेपाल अधिराज्य बाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवाहरु :

(क) नेपाल अधिराज्यभित्र वसोवास भएको व्यक्तिले नेपालमा कुनै व्यावसायिक कारोबार, व्यावसायिक प्रतिनिधित्व वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपाल अधिराज्य बाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा,

(ख) नेपाल अधिराज्यभित्र वसोवास भई दर्ता भएको व्यक्तिले नेपाल अधिराज्य बाहिर वसोवास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।

४. कुटनैतिक सुबिधाप्राप्त व्यक्तिले पैठारी गर्ने वस्तु तथा सेवाहरु ।

५. औषधी उद्योगहरुले चाहेमा शून्य दरको सुविधा उपलब्ध गराउन सकिनेछ ।

६. साविकको कुनै सन्धी वा सम्झौतामा पैठारी गर्दा बिक्रीकर छूट प्रदान गरिएको भए सम्बन्धित आयोजनाको सिफारिसमा ती सन्धी वा सम्झौता बहाल रहेसम्म दर्ता भएका करदातासंग स्थानीय खरीद गरेमा त्यस्तो आपूर्तिमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।"

२१. अन्तःशुल्क ऐन, २०५८ मा संशोधनः अन्तःशुल्क ऐन, २०५८ को,-

(१) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. अन्तःशुल्क लगाउने र असुलउपर गर्ने. : (१) अनुसूचीमा उल्लेख भए बमोजिमका वस्तुहरुको उत्पादन र पैठारीमा सोही अनुसुची बमोजिम अन्तःशुल्क लगाइने र असुलउपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्यादभित्र नतिरेमा तिर्न बाँकी रकममा प्रति दिन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

592

शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्व दस्तुर लाग्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रतिष्ठानले नेपाल अधिराज्य बाहिर निकासी गरिने वस्तुमा तिर्नुपर्ने अन्तःशुल्क र स्वीकृति प्राप्त कर मुक्त पसल (वण्डेडवेयर हाउस वा ड्युटी फ्री सप) मा बिक्री गरिने वस्तुमा लाग्ने अन्तःशुल्क वापत बैंक प्रत्याभूती वा नगद धरौट राख्न सकिनेछ । यस्तो बैंक प्रत्याभूति वा नगद धरौटको फुकुवाको प्रकृया विभागले तोके बमोजिम हुनेछ ।"

(२) दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) स्वीकृति लिई निकासी गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा र गुणस्तरको परीक्षण कार्यालयले जुनसुकै वखत गर्न सक्नेछ। अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी भएमा वा गुणस्तरमा उल्लेखनीय रुपवाट फरक पारेको पाइएमा राजश्व चुहावट भएको जति बिगो रकममा पच्चीस प्रतिशत थप गरी असुल गरिनेछ ।"

(३) दफा २५ पछि देहायको दफा २५क. थपिएकोछ :-

"२५क. निर्देशिका बनाई जारी गर्न सक्ने : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही विभागले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ ।"

(४) दफा २६ पछि देहायको अनुसूची थपिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

"अनुसूची
(दफा ३ सँग सम्बन्धित)
अन्तःशुल्क दरबन्दी

| क. सं. | वस्तुको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|
| १. | खुदो (मोलासिस) | प्रति क्वीण्टल | रु. २५।- |
| २. | सखर (गुण), कालो सखर, रसकटको पैठारीमा मात्र | प्रति क्वीण्टल | रु. ५५।- |
| ३. | फलफूलको रस वा रस मिसिएको हल्का पेयपदार्थ | प्रति लिटर | रु. २।- |
| ४. | कत्था, चूनामिश्रण भएको निकोटिनयुक्त वा निकोटिनरहित पान मसलाहरु र यस्तै अन्य पदार्थहरु | प्रति किलो | रु. १७५।- |
| ५. | फलफूलबाट बनाइने १७ प्रतिशतसम्म अल्कोहल भएका वाइनहरु | प्रति लिटर | रु. ७५।- |
| ६. | सेम्पेन, सेरी, मिड, पेरी | प्रति लिटर | रु. १३०।- |
| ७. | १७ प्रतिशतभन्दा बढी अल्कोहल भएका वाइन, कक्टेल, लिकर तथा फर्मेण्टेड मदिराहरु | प्रति लिटर | रु. १३०।- |
| ८. | साइडर/कक्टेल ड्रिंक्स् | प्रति लिटर | रु. ७०।- |
| ९. | वियर | प्रति लिटर | रु. ३८।- |
| १०. | कण्ट्री वियर (छ्याङ) | प्रति लिटर | रु. १५।- |
| ११. | डिनेचर्ड स्प्रिट | प्रति लिटर | रु. ६।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १२. | थिनर | प्रति लिटर | रु. २५।- |
| १३. | आयतनमा ५७.३८ प्रतिशतदेखि ८० प्रतिशतसम्म अल्कोहल भएको मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने सबै प्रकारका मादक द्रबहरु | प्रति एल.पी. लिटर | रु. ७०।- |
| १४. | आयतनमा ८० प्रतिशतभन्दा बढी अल्कोहल भएका मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने रेक्टिफाइड स्प्रिट, साइलेण्ट स्प्रिट (ई.एन.ए.) | प्रति लिटर | रु. २५।- |
| १५. | मदिरा | | |
| | (क) ४० यू.पी. शक्तिभन्दा कम यू.पी. शक्तिको | प्रति एल.पी.लि. | रु. २७५।- |
| | (ख) ४० यू.पी. शक्ति र सोभन्दा बढी ६५ यू.पी. शक्तिभन्दा कम यू.पी. शक्ति सम्मको | प्रति एल.पी.लि. | रु. १६०।- |
| | (ग) ६५ यू.पी. शक्ति र सोभन्दा बढी यू.पी. शक्तिको | प्रति एल.पी.लि. | रु. ५०।- |
| १६. | अल्कोहलरहित सबै किसिमका हल्का पेय पदार्थहरु | प्रति लिटर | रु. २।- |
| १७. | चुरोट (सुर्तीबाट तयार भएको सबै प्रकारका चुरोट) | | |
| | (१) ७० मि.मि. सम्मको लम्बाईमा: | | |
| | (क) फिल्टर नभएको | प्रति एम | रु. १२५।- |
| | (ख) फिल्टर भएको | प्रति एम | रु. ३००।- |
| | (२) ७० भन्दा बढी ७५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको) | प्रति एम | रु. ३८५।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | (३) ७५ भन्दा बढी ८५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको) | प्रति एम | रु. ५३०।- |
| | (४) ८५ मि.मि. भन्दा बढी लम्बाईमा (फिल्टर भएको) | प्रति एम | रु. ७१०।- |
| १८. | सबै प्रकारका सिगार | प्रति खिल्ली | रु. २।५० |
| १९. | पाइप सुर्ती | प्रति कि.ग्राम | रु. ३६५।- |
| २०. | सुर्तीबाट तयार भएको सबै प्रकारको जर्दा, खैनी र नश | प्रति कि.ग्राम | रु. १७५।- |
| २१. | चुना मिलाई खाने प्याकिङ्ग गरिएको कोरा सुर्ति | प्रति कि. ग्राम | रु. १०५।- |
| २२. | सबै प्रकारको सिमेण्ट | प्रति मे.टन | रु. १०५।- |
| २३. | सबै प्रकारको पोलिथिन (प्लाष्टिक) झोला तथा थैलामा | प्रति कि. ग्राम | रु. १५।- |
| २४. | सबै प्रकारको ईंटाहरु (आन्तरिक उत्पादन बाहेक) | प्रति हजार | रु. ५२५।- |
| २५. | पेट्रोल तथा डिजेलबाट चल्ने पिकअप गाडी (सिंगल क्याव, डेलिभरी भ्यान) (भन्सार संकेत नम्बर ८७०४) | मोल प्रतिशत | १५प्रतिशत |

द्रष्टव्य: (१) २० माइक्रोन भन्दा घटीको पोलिथिन झोला तथा थैला नेपाल अधिराज्यभित्र बिक्री वितरण गर्न पाइने छैन ।

(२) अन्त: शुल्क लाग्न सक्ने वस्तुहरुको व्याख्या तथा हार्मोनाइज्ड कोड तोक्ने काम विभागले गर्न सक्नेछ ।

२२. आयकर ऐन, २०५८ मा संशोधन : आयकर ऐन, २०५८ को,-

(१) दफा २ को,-

(क) खण्ड (द) को उपखण्ड (३) मा रहेको "निजी





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भवन" भन्ने शब्दहरु अगाडि "जग्गा तथा" भन्ने शब्दहरु थपिएका छन् ।

(ख) खण्ड (क भ) को उपखण्ड (२) को शुरुमा "ऋण दायित्व अन्तर्गतको" भन्ने शब्दहरु थपिएका छन् र सोही उपखण्डमा रहेको "प्रिमिमय" भन्ने शब्दको सट्टा "प्रिमियम" भन्ने शब्द राखिएकोछ ।

(ग) खण्ड (क ल) मा रहेका "कार्यसँग सम्वन्धित" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) दफा ५ मा रहेको "दफा १२ वा ६३" भन्ने शब्दहरु पछि "वा दुबै दफा" भन्ने शब्दहरु थपिएका छन् ।

(३) दफा ६ को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "दफा ११ वा ६४" भन्ने शब्दहरु पछि "वा दुबै दफा" भन्ने शब्दहरु थपिएका छन् ।

(४) दफा १४ को उपदफा (२) मा रहेको "सो उपदफा बमोजिम कट्टी गर्न पाउने कुल व्याज रकम देहायका रकमहरुको जम्मा भन्दा बढी हुने छैन " भन्ने वाक्यांशको सट्टा "नियन्त्रण गर्ने व्यक्ति वा सम्बद्ध व्यक्तिलाई ब्याज भुक्तानी गरेमा उपदफा (१) बमोजिम कट्टी गर्न पाउने त्यस्तो ब्याज रकम देहायका रकमहरुको जम्मा भन्दा बढी हुने छैन " भन्ने वाक्यांश राखिएकोछ ।

(५) दफा २४ को उपदफा (३) पछि देहायको उपदफा (३क.) थपिएको छ :-

"(३क.) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन,२०५८ तथा बैंकिङ्ग सम्बन्धी प्रचलित कानूनका अधीनमा रही नेपाल राष्ट्र बैंकले तोकेको लेखांकनलाई विभागले मान्यता दिन सक्नेछ ।"

(६) दफा ५९ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछ :-

"(१क.) नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधीनमा रही बैंकिङ्ग व्यवसाय संचालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा



८९५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राखेको असुल हुन बाँकी ऋण रकमको बढीमा पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा कट्टी गरिनेछ । यसरी जोखिम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखिएमा मिन्हा हुने छैन र सो कोषमा रहेको रकम पूँजीकृत गरिएमा वा मुनाफा वा लाभांश बाँडफाँड गरिएमा जुन वर्ष बाँडफाँड गरिएको छ सोही वर्षको आयमा समावेश गरिनेछ ।"

(ख) उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर उपदफा (१क.) बमोजिमको रकमलाई खर्चको रुपमा कट्टी गरेको भए त्यस्तो नोक्सानी घटाउन पाइने छैन ।"

(७) दफा ६३ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको नागरिक लगानी कोषले अवकाष कोप राख्न चाहेमा त्यस्तो कोषले र कर्मचारी संचय कोष ऐन, २०१९ बमोजिम स्थापना भएको कर्मचारी संचय कोपले त्यस्तो कोषको लागि स्वीकृति लिनुपर्ने छैन ।"

(८) दफा ६५ को उपदफा (१) को दोस्रो हरफमा रहेको "हितबाट भएको" भन्ने शब्दहरु पछि "वा श्री ५ को सरकारबाट भएको अवकाश भुक्तानी" भन्ने शब्दहरु थपिएका छन् ।

(९) दफा ७४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) करदाताले यस ऐन बमोजिमका कर्तव्यहरु पालना गर्नु पर्नेछ ।"

(१०) दफा ८१ को उपदफा (२) मा रहेको "कम्तीमा" भन्ने शब्द झिकिएकोछ ।

(११) दफा ८८ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उपदफा (१) मा रहेका "भुक्तानी गर्दा र सो व्यक्ति स्वीकृत अवकाश कोष भएमा कुनै" भन्ने शब्दहरुको सट्टा "र" भन्ने शब्द राखिएको छ र सो उपदफाको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएकोछ :-

"तर श्री ५ को सरकार वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा छ प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ।"

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) बासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको लाभांश भुक्तानी गर्दा भुक्तानी रकमको पाँच प्रतिशतका दरले र लगानी बीमाबाट प्राप्त लाभ वा स्वीकृति नलिएको अवकाश कोषबाट प्राप्त लाभ भुक्तानी गर्दा कूल भुक्तानी रकमको दश प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ।"

(ग) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछ :-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बासिन्दा बैंक, वित्तीय संस्था वा ऋण पत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचीकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेन्चर तथा सरकारी वण्ड वापत देहाय बमोजिमको ब्याज वा ब्याज स्वरुपको कुनै रकम भुक्तानी दिंदा कुल भुक्तानी रकममा छ प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ।

(क) नेपालमा श्रोत भएको, र

(ख) व्यवसाय सञ्चालनसंग सम्बन्धित नभएको।"

(१२) दफा ९२ को उपदफा (१) को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) दफा ८८ को उपदफा (३) मा उल्लेख भए बमोजिम बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचीकृत भएका कम्पनीले भुक्तानी दिएको व्याज,"

(२) खण्ड (च) पछि देहायका खण्ड (छ) र (ज) थपिएकाछन् :-

"(छ) श्री ५ को सरकार वा स्वीकृत अवकाश कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानीहरु, र

(ज) बैठक भत्ता ।"

(१३) दफा ९५ को,-

(क) उपदफा (१) मा रहेका "सो को विवरण" भन्ने शब्दहरु पछि "विभागबाट" भन्ने शब्द थपिएकोछ ।

(ख) उपदफा (७) मा रहेका "वा उपदफा (६) बमोजिम करको किस्ता बुझाउन कुनै व्यक्तिले अनुमान पेश गर्नु नपर्ने गरी तोकिएकोमा" भन्ने शब्दहरु झिकिएका छन् ।

(१४) दफा ९७ को,-

(क) खण्ड (ख) को अन्त्यमा रहेको "वा" भन्ने शब्द झिकिएकोछ ।

(ख) खण्ड (ग) को अन्त्यमा रहेको "।" को सट्टा "," राखी "वा" थपिएकोछ ।

(ग) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएकोछ :-

"(घ) अनुसूची-१ को दफा १ को उपदफा (१०) बमोजिम कर दाखिला गर्ने सवारीसाधन धनी प्राकृतिक व्यक्ति भएमा त्यस्तो प्राकृतिक व्यक्ति ।"

(१५) दफा १०६ मा रहेका "कर विभागले" भन्ने शब्दहरुको सट्टा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"विभागले" भन्ने शब्द राखिएकोछ ।

(१६) दफा ११४ को उपदफा (१) को खण्ड (ङ) मा रहेका "करको निर्धारण" भन्ने शब्दहरु पछि "वा दफा १०५ को उपदफा (५) बमोजिमको लिलाम बिक्री खर्चको निर्धारण" भन्ने शब्दहरु थपिएका छन् ।

(१७) दफा ११७ को,-

(क) उपदफा (१) मा रहेका "डेढ प्रतिशत" भन्ने शब्दहरुको सट्टा "शून्य दशमलव एक प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् र सोही उपदफामा रहेका "प्रति महिनाका" भन्ने शब्दहरुको सट्टा "प्रति वर्षका" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "डेढ प्रतिशत" भन्ने शब्दहरुको सट्टा "शून्य दशमलव एक प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् र सोही उपदफामा रहेका "प्रति महिनाका" भन्ने शब्दहरुको सट्टा "प्रति वर्षका" भन्ने शब्दहरु राखिएका छन् ।

(१८) अनुसूची-१ मा संशोधनः अनसूची-१ को दफा १ को,-

(क) उपदफा (१), (२), (३), (४) र (५) को ठाँउ ठाँउमा रहेका "पचपन्न हजार रुपैयाँ", "पचहत्तर हजार रुपैयाँ", "एक लाख तीस हजार रुपैयाँ" र "एक लाख पचास हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा क्रमशः "पैसंठ्ठी हजार रुपैया", "पचासी हजार रुपैयाँ", "एक लाख चालीस हजार रुपैयाँ" र "एक लाख साठी हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (४) को खण्ड (ख) को प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ ।

(ग) उपदफा (९) पछि देहायको उपदफा (१०) थपिएकोछ :-

"(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भाडाका सवारी साधन धनीहरुवाट देहाय वमोजिमको वार्षिक कर असुल गरिनेछ । सवारी साधन धनी प्राकृतिक व्यक्ति भएमा यसरी तिरेको कर नै अन्तिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | सवारीको किसिम | प्रति सवारी साधनमा बुझाउनु पर्ने वार्षिक कर |
|---|---|---|
| (अ) | मिनिवस, मिनि ट्रक, ट्रक र बस | रु. १,५००।- |
| (आ) | कार, जिप, भ्यान, माइक्रो बस | रु. १,२००।- |
| (इ) | थ्रि ह्विलर, अटो रिक्सा, टेम्पो | रु. ८५०।- |
| (ई) | ट्रेक्टर र पावर टिलर | रु. ७५०।-" |

२३. खारेजी र बचाउ : मिति २०५९ साल पुस २२ गते जारी भएको आर्थिक अध्यादेश, २०५९ खारेज गरिएकोछ र सो बमोजिम भए गरेको काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 322

## अनुसूची-१

१. भन्सार महसुल :

विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने माल वा वस्तुमा आर्थिक ऐन, २०५८ को अनुसूची-१ को दफा १ मा उल्लिखित भागहरुमा उल्लेख भएका मध्ये देहायमा उल्लिखित शीर्षक उपशीर्षकहरुका माल वा वस्तुहरुमा देहाय बमोजिम भन्सार महसुल लाग्नेछ । सो देखि बाहेक अन्य माल वा वस्तुको पैठारीका हकमा आर्थिक ऐन, २०५८ को अनुसूची-१ बमोजिम भन्सार महसुल लाग्नेछ ।

| शीर्षक | उपशीर्षक | माल वा वस्तुको विवरण | पैठारी भन्सार महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा) |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| १५.१४ | | रासायनिक परिवर्तन गरिएको, प्रशोधन गरेको वा नगरेको तोरी या रायो वा सर्स्यूको तेल र तैलांश । | |
| | | -न्यून इरुसिक अम्ल युक्त, तोरी रायो (रेप वा कोल्जा) को तेल र त्यसका तेलांश (फ्रयाक्सन्स) : | |
| | १५१४.११.०० | --कच्चा तेल | २५% |
| | | -अन्य : | |
| | १५१४.९१.०० | --कच्चा तेल | २५% |
| १७.०१ | | ठोस रुपमा उखु वा चुकन्दर र रासायनिक तवरबाट शुद्ध गरिएको सुक्रोज (उखुको चिनी)। | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | -रंगाउने र सुवास र स्वाद आउने पदार्थ नमिसाएको कच्चा चिनी : | |
| | | --उखुको चिनी: | |
| | १७०१.११.९० | ---सख्खर (गुंड) र गुँडगट्टा समेत | १५% |
| २४.०१ | | वस्तु उत्पादनमा नल्याइएका सूर्ति, सूर्तिको अवशेष । | |
| | २४०१.१०.०० | -डांठबाट नछुट्याइएको वा ननिकालिएको सूर्ति (स्टेम्ड/स्ट्रीप्ड) | २५% |
| | २४०१.२०.०० | -आंशिक वा पूर्णरुपमा डांठबाट छुट्याइएको वा निकालिएको सूर्ति (स्टेम्ड/स्ट्रीप्ड) | २५% |
| | २४०१.३०.०० | -सूर्तिको अवशेष | २५% |
| २५.२३ | | पोर्टलेण्ड सिमेण्ट (चुन ढुंगा र दुमट माटोलाई भट्टीमा पोल्दा वनिने सिमेण्ट), एलुमिनस सिमेण्ट (एलुमिनियम अक्साइड युक्त सिमेण्ट)("सिमेट फोण्डू"), स्लाग सिमेण्ट, सुपर सल्फेट सिमेण्ट र अन्य यस्तै हाइड्रोलिक सिमेण्टहरु (पानीमा कडा हुने सिमेण्ट), रंगीन वा रंगहीन अथवा क्लिन्कर (धातुमल) को रुपमा । | |
| | २५२३.१०.०० | -धातुमल सिमेण्ट (सिमेण्ट क्लिन्कर) | प्र.मे.टन रु.१०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ३३.०७ | | दाह्री बनाउने (प्रिशेभ, शेभिङ्ग र आफ्टरशेभ) सामानहरु, गन्ध हटाउने, नुहाउने सामानहरु, रौं खुइल्याउने सामानहरु र अन्यत्र नपरेका, अन्य सुगन्धित श्रृंगारिक वा सर सफाइका सामानहरु; विसंक्रामक तत्वहरु भएको वा नभएको, सुगन्धित भएको वा नभएको कोठा गन्धहारक (डिओडोराइजर) सामानहरु । | |
| | ३३०७.२०.०० | -व्यक्तिगत गन्ध हटाउने र पसीना रोक्ने सामानहरु | १५% |
| | ३३०७.३०.०० | -सुगन्धित नुहाउने लवण र स्नानका सामानहरु | १५% |
| | | -कोठा सुगन्धित पार्ने वा कोठाको दुर्गन्ध हटाउने सामग्रीहरु धार्मिक काममा प्रयोग हुने सुगन्धित सामानहरु समेत : | |
| | ३३०७.४१.०० | --"अगरवत्ती" र अन्य वालेपछि सुगन्धित हुने सामानहरु | १५% |
| | ३३०७.४९.०० | --अन्य | १५% |
| | ३३०७.९०.०० | -अन्य | १५% |
| ३७.०६ | | सिनेमा सम्वन्धी फिल्म, खोलिएको र विकास गरिएको, ध्वनिमार्ग समाविष्ट भएको (इनकोरपोरेटिङ) वा नभएको वा ध्वनिमार्ग मात्र भएको । | |
| | ३७०६.१०.०० | -३५ एम.एम. वा वढी चौडाइको | प्रति मी. रु.९।- |
| | ३७०६.९०.०० | -अन्य | प्रति मी. रु.९।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ३८.०८ | | कीटनाशक, कृतकान्तक (रोडेन्टि-साइड), च्याउनाशक, झारपातनाशक, अंकुरणरोधी (एण्टीस्प्राउटिक) उत्पादनहरु र वनस्पति बृद्धि नियामक (प्लान्ट ग्रोथ रेगुलेटर), विसंक्रामक र त्यस्तै उत्पादनहरु, खुद्रा बिक्रीको लागि आकार वा पुलिन्दा (प्याकिङ्ग) मा राखिएको वा तयारी सामान (प्रिपेरेशन) वा वस्तु (आर्टिकल) को रुपमा राखिएको (जस्तै, गन्ध उपचार गरेका धागो (बैण्ड), सलेदो (विक्स) तथा मैनबत्ती, र झिंगा फसाउने कागज (फ्लाइ पेपर्स) हरु) । | |
| | | -कीटनाशक पदार्थहरु (इनसेक्टी-साइड्स) : | |
| | ३८०८.१०.२० | --मच्छर धूप (क्वाइल, ट्याव्लेट र तरल समेत) | २५% |
| ४८.०२ | | लेख्न, छाप्न वा अन्य आलेखीय (ग्राफिक) प्रयोजनार्थ प्रयोग हुने खालका लेपन नगरिएका (अनकोटेड्) कागत तथा कागतगाता (पेपरवोर्ड), तथा अछिद्रित छेदनपत्र (नन् परफोरेटेड् पन्च-कार्ड) र छेदनपट्टिका पत्र (पन्च टेप कार्ड) कागत, मुठ्ठा वा गट्ठा (रोल्स) मा वा आयताकार (वर्गाकार समेत) ताउहरु (शिट्स)मा, जुनसुकै माप (साइज)को, शीर्षक ४८.०१ वा ४८.०३ का कागत बाहेक, हाते (हस्त निर्मित) कागत तथा कागतगाता । | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ४८०२.१०.०० | -हस्तनिर्मित कागत र कागतगाता (पेपर वोर्ड) | २५% |
| ४८०२.२०.०० | -प्रकाश ग्राही (फोटो सेन्सिटिभ), ताप संवेदी (हिट सेन्सिटिभ) वा विद्युत-संवेदी (एलेक्ट्रो सेन्सिटिभ) कागत र कागत गाता (पेपर-वोर्ड) को आधारको रुपमा प्रयुक्त हुने खालका कागत र कागतवोर्ड (गाता) । | २५% |
| ४८०२.४०.०० | -भित्तामा टांस्ने कागतको आधार (वाल-पेपर वेस) | २५% |
| | -यान्त्रिक वा रसायन-यान्त्रिक प्रक्रियाबाट प्राप्त तन्तुहरु (फाइवर्स) नभएका वा सम्पूर्ण तन्तुतत्वको तौलको हिसावले त्यस्ता तन्तुहरु १० प्रतिशत भन्दा बढी नभएका अन्य कागत तथा कागतगाता : | |
| ४८०२.५४.०० | --४० ग्राम प्रति वर्गमिटर भन्दा कम तौलको | २५% |
| ४८०२.५५.०० | --४० ग्राम प्रति वर्गमीटर वा सो भन्दा बढी तर १५० ग्राम प्रति वर्गमिटर भन्दा बढी तौल नभएको, मुठ्ठा वा गट्टा (रौल्स) मा भएको | २५% |
| ४८०२.५६.०० | --४० ग्राम प्रति वर्गमिटर वा सो भन्दा बढी तर १५० ग्राम प्रति वर्गमीटर भन्दा बढी तौल नभएको नदोब्याएको अवस्थामा एकातिरको छेउ ४३५ मी.मी. र अर्को तिरको छेउ २९७ मी.मी. भन्दा बढी नभएको, ताउ (शिट्स) मा भएको | २५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ४८०२.५७.०० | --अन्य, तौलमा ४० ग्राम प्रति वर्गमिटर वा सो भन्दा बढी तर १५० ग्राम प्रति वर्गमिटर भन्दा बढी नभएको | २५% |
| | ४८०२.५८.०० | --१५० ग्राम प्रति वर्गमिटर भन्दा बढी तौलको | २५% |
| | | -सम्पूर्ण तन्तु तत्वको तौलको हिसाबले १० प्रतिशत भन्दा बढी तन्तुतत्व यान्त्रिक वा रसायन यान्त्रिक प्रक्रियाबाट प्राप्त भएका, अन्य कागत तथा कागतगाता : | |
| | ४८०२.६१.०० | --मुठा वा गट्ठामा (इन रौल्स) भएका | २५% |
| | ४८०२.६२.०० | --नदोब्याइएको अवस्थामा एकातिरको छेउ ४३५ मिमि र अर्कोतिरको छेउ २९७ मिमि भन्दा बढी नभएका ताउ (शिट्स) को रुपमा भएका | २५% |
| | ४८०२.६९.०० | --अन्य | २५% |
| ४८.१७ | | कागत र कागतगाता (पेपरबोर्ड) का खामहरु (एनभेलप), लेटर कार्डहरु, सादा पोष्टकार्डहरु र पत्र व्यवहारका पत्रकहरु (करेस्पोण्डेन्स कार्ड); कागतका लेखन सामग्री (स्टेशनरी) को समूह (एसोर्टमेण्ट) भएका कागत वा कागतगाताका वट्टाहरु (बक्स), झोली, थैलीहरु (पाउचेज, वालेट्स) र लेखन सङ्ग्रहहरु (राइटिङ कम्पेण्डियम्स) । | |
| | ४८१७.१०.०० | -खामहरु (एनभेलोप्स) | २५% |
| | ४८१७.२०.०० | -लेटर कार्डहरु, सादा पोष्टकार्डहरु र पत्रव्यवहारका पत्रकहरु (करेस्पोण्डेन्स कार्ड्स) | २५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ४८१७.३०.०० | -कागतका लेखन सामग्री (स्टेशनरी) का समूह (एसोर्टमेण्ट) भएका कागत वा कागतगाताका बट्टाहरु (बक्स), झोलीहरु (पाउचेज), थैलीहरु (वालेट) र लेखन सङ्ग्रहहरु (राइटिङ कम्पेण्डियम्स) | २५% |
| ४८.२० | | कागत र कागतगाता (पेपरबोर्ड) का बहीहरु (रजिष्टर्स), लेखाकिताब (एकाउण्ट बुक) हरु, स्मरण पुस्तिका (नोटबुक) हरु, आदेश पुस्तिका (अर्डर बुक) हरु, भरपाई पुस्तिका (रिसिप्ट बुक) हरु, पत्राली (लेटर प्याड) हरु, टिप्पणी-पत्र (मेमोरेण्डम प्याड)हरु, दैनन्दिनी (डायरी) हरु र यस्तै वस्तुहरु, अभ्यास पुस्तिका (एक्सरसाइज बुक) हरु, मसी शोषण प्याड (ब्लौटिङ्ग प्याड), गाताहरु (बाइण्डर्स), (पाता छुट्टिएका वा अन्य), फोल्डर (खुला कागतपत्र राख्ने गाता) हरु, फाइल कभरहरु, मेनिफोल्ड बिजनेस फर्महरु, इण्टरलिभ्ड कार्वन सेटहरु (दुइ खाली पानाका बीचमा कार्वनपेपर हाली तयार गरेको) र लेखन सामग्रीका अन्य वस्तुहरु; कागत वा कागजगाताका, नमूना (स्याम्पल) को निमित्तको वा संकलन वा सङ्ग्रहण (कलेक्सन) को निमित्तको वा पुस्तक आवरण (बुक कभर्स) निमित्तका अलबमहरु । | |



830
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ४८२०.१०.०० | -बहीहरु (रजिष्टर्स), लेखाकितावहरु (एकाउण्ट बुक्स), स्मरण पुस्तिकाहरु (नोटबुकहरु), आदेश पुस्तिकाहरु (अंडर बुक्स), भरपाई पुस्तिका (रिसिप्ट् बुक्स)हरु, पत्राली (लेटर प्याडस्)हरु, टिप्पणी पत्रहरु (मेमोरेण्डम प्याड्स), दैनन्दिनी (डायरी) हरु र यस्तै वस्तुहरु | २५% |
| | ४८२०.२०.०० | -अभ्यास पुस्तिकाहरु (एक्सरसाइज बुक्स) | २५% |
| ५६.०१ | | वयनीय (कपडा) पदार्थका गद्दा र तिनका सामानहरु ५ एम. एम. भन्दा बढी लम्बाई नभएका तान्त (कपडाका) रेशाहरु (तन्तुगुच्छः फ्लौक), तान्तव (कपडाको) धूलो र मिल नेप्स (एक किसिमका तान्तव डल्ला) । | |
| | ५६०१.१०.०० | -गद्दा (वाडिङ्ग) का, स्यानिटरी टवेल र रक्तस्रावावरोधक (रगत थाम्ने) गद्दा (ट्याम्पोन्स), हात पुछ्ने रुमाल (न्यापकिन्स) र साना केटाकेटीको पुछ्ने रुमाल न्यापकिन लाइनर्स) र त्यस्तै सफाई र स्वास्थ्यका (स्यानिटरी) सामानहरु | २५% |
| | | -गद्दा; गद्दाका अन्य सामानहरु : | |
| | ५६०१.२१.०० | --सूतिको | २५% |
| | ५६०१.२२.०० | --मानव निर्मित रेशाको | २५% |
| | ५६०१.२९.०० | --अन्य | २५% |
| | ५६०१.३०.०० | -तान्तव (कपडाका) तन्तुगुच्छ (फ्लौक) र धूलो तथा मिल नेप्स (एक किसिमको कपडाको डल्ला) | २५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ५९.०२ | | नाइलन वा अन्य पोलियामाइड, पोलिष्टर वा भिस्कोस रेयनको उच्चधारण क्षमताको धागोको टायर कोर्ड कपडा (फ्याब्रिक)। | |
| | ५९०२.१०.०० | -नाइनल वा अन्य पोलियामाइडको | ५% |
| | ५९०२.२०.०० | -पोलिष्टरको | ५% |
| | ५९०२.९०.०० | -अन्य | ५% |
| ६४.०६ | | पाउपोशका अंगहरु (वाहिरी तलुवा बाहेक तलुवामा जोडिएको नजोडिएको (एट्याच्ड) माथिल्लो (अपर) भाग समेत) झिक्न हुने भित्री तलुवा (सुतली) कुर्कुच्चा (ऐडी) का गद्दा (हिल कुसन्स) र यस्तै वस्तुहरु; गेटर, जंघारक्षण अर्थात घुंडादेखि गोलीगांठा सम्म लाउने (लेगिङ) र यस्तै सामानहरु र तिनका पार्टपूर्जाहरु । | |
| | | -प्लाष्टिक वा रबरको वाहिरी तलुवा र हिल (कुर्कुच्चा): | |
| | ६४०६.२०.१० | --चप्पलको तलुवा | २५% |
| | ६४०६.२०.९० | --अन्य प्लाष्टिक वा रबरको वाहिर तलुवा र हिल (कुर्कुच्चा) | ५% |
| ८०.०६ | ८००६.००.०० | टीनको नली, पाइप र नली वा पाइपको जडान (जस्तै-कप्लिङ, एल्वोज, स्लीभ्स)। | २५% |
| ८०.०७ | ८००७.००.०० | टीनका अन्य सामानहरु । | २५% |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ८५.१६ | | विद्युत तत्काल तातेर आउने (इन्स्टान्टेनियस) वा स्टोरेज र निमज्जन हिटर (इमर्सन हिटर); कोठा तताउने उपकरणहरु (इलेक्ट्रिक स्पेस हिटिङ्ग एपरेटस) र माटो तताउने उपकरणहरु; विजुलीले तातो पारेर कपाल सजाउने उपकरणहरु (जस्तै-हेयर ड्रायर, हेयर कर्लर, कर्लिङ्ग टङ्ग हिटर) र हात सुकाउने उपकरण; विजुलीको चिल्लो पार्ने इस्त्रीहरु; घर व्यवहारमा प्रयोग गरिने विजुलीले तातो पार्ने अन्य उपकरणहरु; शीर्षक ८५.४५ बाहेकको विद्युत ताप प्रतिरोधक उपकरणहरु । | |
| | | -तातो पारेर कपाल सजाउने विजुलीको उपकरणहरु र हातले तताएर चलाउने उपकरणहरु: | |
| | ८५१६.३१.०० | --हेयर ड्रायर | १५% |
| | ८५१६.३२.०० | --अन्य हेयर ड्रेसिङ्ग उपकरणहरु | १५% |
| | ८५१६.३३.०० | --हातले ड्राइ गर्ने उपकरणहरु | १५% |
| | ८५१६.४०.०० | -चिल्लो पार्ने विद्युतबाट चल्ने इस्त्री | १५% |
| | ८५१६.६०.०० | -अन्य चुल्होहरु (ओभन), पकाउने भांडा (कुकर), पकाउने प्लेट (कुकिङ प्लेट), उमाल्ने रिङ (ब्वाइलिङ रिङ), ग्रिलर र रोष्टर | १५% |
| | | -अन्य विद्युत तापक (इलेक्ट्रो-थर्मिक) उपकरणहरु : | |
| | ८५१६.७१.०० | --कफी वा चीया बनाउने | १५% |
| | ८५१६.७२.०० | --टोष्टरहरु | १५% |
| | ८५१६.७९.०० | --अन्य | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ८५१६.८०.०० | -इलेक्ट्रिक हिटिङ रेसिप्टर्स | १५% |
| ८५.१७ | | तार दूर वार्ता (लाइन टेलिफोनी) वा तार दूरलेखन (लाइन टेलिग्राफी) निमित्तका वैद्युतिक ओजार (ऐपरेटस), तार रहित (कोर्डलेस) हाते सेटहरु (ह्याण्डसेट्स) सहितका तार दूरवार्ता (लाइन टेलिफोन) सेटहरु र वाहक-प्रवाह तार प्रणाली (क्यारियर करेण्ट लाईन सिस्टमस) वा आङ्किक तार प्रणाली (डिजिटल लाइन सिप्टम्स) निमित्तका दूर संचार उपकरण (टेलिकम्प्युनिकेशन एपरेटस) समेत; भिडियोफोनहरु । | |
| | | -दूरवार्ता (टेलिफोन) सेटहरु; भिडियो-फोनहरु : | |
| | ८५१७.११.०० | --ताररहित हाते सेटहरु (कर्डलेस ह्याण्डसेट्स) सहितका लाइन टेलिफोन सेटहरु | १५% |
| | ८५१७.१९.०० | --अन्य | १५% |
| ८५.२५ | | संगहण उपकरणं (रिसेप्सन ऐपरेटस) वा ध्वनि अभिलेखन (साउण्ड रिकर्डिङ्ग) वा पुनरुत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरण (ऐपरेटस) समाविष्ट भए वा नभएको, रेडियो-टेलिफोनी, रेडियो-टेलिग्राफी, रेडियो प्रसारण (रेडियो-ब्रोडकाप्टिङ्ग) वा टेलिभिजन निमित्तका प्रसारण उपकरण (ट्रान्समिसन एपरेटस; टेलिभिजन र क्यामराहरु; स्टिल इमेल भिडियो क्यामरहरु र अन्य भिडियो क्यामराहरु रिकर्डर्स; डिजिटल क्यामराहरु | |



६३४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ८५२५.१०.०० | -ट्रान्समिसन उपकरणहरु | १५% |
| | ८५२५.२०.०० | -संग्रह उपकरण (रिसेप्सन एपरेटस) समाविष्ट ट्रान्समिसन उपकरणहरु वांकीटकी | १५% |
| ९०.०१ | | चाक्षुष् तन्तु र चाक्षुष् तन्तुका मुठ्ठा; शीर्षक ८५.४४ बाहेकका चाक्षुष् तन्तुका केबुलहरु ध्रुवीकरण गर्ने (पोलाराइजिङ) पदार्थका पाता र चादर; शीशा (लेन्स) हरु (कन्ट्याक्ट लेन्स समेत), त्रिपार्श्व (प्रिज्म), ऐनाहरु र कुनै पनि पदार्थको तत्वहरु, नअड्याएका, ग्लासका चाक्षुषीय काम नगरिएका आंखाको यस्ता तत्व बाहेक । | |
| | | -कन्ट्याक्ट लेन्सहरु : | |
| | ९००१.३०.१० | --इण्ट्राओकुलर लेन्स | ४०% |
| | ९००१.३०.९० | --अन्य कन्ट्याक्ट लेन्सहरु | १०% |
| ९४.०५ | | अन्यत्र उल्लेख नभएको वा समावेश नभएका वत्तीहरु र प्रकाशका जडान, खोज वत्ती (सर्च लाइट) र स्पोटलाइट र तिनका पार्टपूर्जाहरु; प्रकाशचिन्ह, प्रकाशमय नामपट्टिका (नेम प्लेट) र यस्तै स्थायी रुपमा प्रकाश आउने श्रोत भएका र अन्यत्र नपरेका वा समावेश नभएका तिनीहरुका पार्टपूर्जाहरु । | |
| | ९४०५.१०.०० | -दीप वृक्षहरु (शाण्डेलियर्स) र अन्य विजुलीका छत र भित्तामा वाल्ने वत्तीहरु, सार्वजनिक खुला ठाउंमा वा मान्छे हिड्ने बाटोमा वाल्ने वत्ती बाहेक | १५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ९४०५.२०.०० | -विजुलीको टेवल, डेस्क, वेडसाइ (ओछ्यान नजिकको) वा भुइंमा उभ्याइने वत्तीहरु | १५% |
| | ९४०५.३०.०० | -क्रिसमस रुखमा वालिने वत्तिका सेटहरु | १५% |
| | ९४०५.४०.०० | -अन्य विजुलीका वत्ती तथा प्रकाश जडानहरु | १५% |
| ९५.०१ | ९५०१.००.०० | वच्चाहरुलाई चढ्नको लागि वनाइएको पांग्रा भएको साइकल (जस्तै ट्राइसाइकिल, स्कूटरहरु, पाउदानले चलाउने मोटर); पुतलीको वाहन । | १५% |
| ९५.०२ | | मानवको मात्र प्रतिनिधित्व गर्ने पुतलीहरु । | |
| | ९५०२.१०.०० | -लुगा लगाएको वा नलगाएको पुतलीहरु | १५% |
| | | -पार्टपुर्जा र सहायक सामाग्रीहरु: | |
| | ९५०२.९१.०० | --तयारी पोशाक र तिनीहरुका सहायक सामान, पाउपोश र शिरपोश | १५% |
| | ९५०२.९९.०० | --अन्य | १५% |
| ९५.०३ | | अन्य खेलौना आकार घटाएको ("स्केल") नमूनाहरु र यस्तै मनोरंजनात्मक नमूनाहरु, चल्ने वा नचल्ने सबै प्रकारका वुद्धिका खेलौनाहरु (पजल्स) । | |
| | ९५०३.१०.०० | -विद्युतीय रेलहरु, रेलमार्गसूचक यन्त्र र त्यसका सहायक सामानहरु सहित | १५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ९५०३.२०.०० | -चल्ने वा नचल्ने नमूनाका आकार घटेको ("केल") नमूना समायोजन पात्रहरु (एसेम्व्ली किट्स), उपशीर्षक ९५०३.१० का बाहेक | १५% |
| | ९५०३.३०.०० | -अन्य निर्माण सम्वन्धी सेटहरु र निर्माण सम्वन्धी खेलौनाहरु | १५% |
| | | -जीवजन्तुको प्रतिनिधित्व गर्ने खेलौनाहरु वा अमानव प्राणी : | |
| | ९५०३.४१.०० | --कोचेर वनाएको (स्टूफ्ड) | १५% |
| | ९५०३.४९.०० | --अन्य | १५% |
| | ९५०३.५०.०० | -खेलौनाका रुपका वाद्ययन्त्र र उपकरणहरु | १५% |
| | ९५०३.६०.०० | -वुद्धिका खेलौनाहरु (पजल्स) | १५% |
| | ९५०३.७०.०० | -सेटमा राखेको वा सरसामानयुक्त अन्य खेलौनाहरु | १५% |
| | ९५०३.८०.०० | -मोटर जोडेको अन्य खेलौनाहरु र नमूनाहरु | १५% |
| | ९५०३.९०.०० | -अन्य | १५% |
| ९५.०४ | | खेलवाडको मेला (फन फेयर) का सामानहरु, पिनटेवलहरु, विलियार्डहरु, क्यासिनो खेलका विशेष टेवुलहरु र स्वचालित वाउलिङ एली (खेल्ने ठाउं र बाटो सम्वन्धी) उपकरणहरु समेत भएका टेवुल वा वैठकका खेलहरु । | |
| | ९५०४.१०.०० | -टेलिभिजन ग्राहक यन्त्र प्रयोग गरिने भिडीयो गेम | १५% |
| | ९५०४.२०.०० | -विलियार्ड खेलका सामानहरु र सहायक सामानहरु | १५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ९५०४.३०.०० | -बाउलिङ्ग एली उपकरण (इक्विपमेण्ट) बाहेक, मुद्रा (क्वाइन्स), बैंक नोट्स् (कागजी मुद्रा), चक्का (डिस्क्स) वा यस्तै किसिमका वस्तुहरु (आर्टिकल्स) द्वारा प्रचालन गरिने (ओपरेटेड) अन्य खेलहरु (गेम्स) | १५% |
| | ९५०४.९०.०० | -अन्य | १५% |
| ९५.०५ | | आनन्दोत्सवका सामानहरु वा अन्य मनोरंजनका सामानहरु, जादूविद्या (चटक) र असाधारण ठट्टा (नोभेल्टी जोक) समेत । | |
| | ९५०५.१०.०० | -क्रिसमस उत्सवका सामानहरु | १५% |
| | ९५०५.९०.०० | -अन्य | १५% |
| ९६.०३ | | कुचो वा खरेटो (ब्रुम्स), बुरुस (यन्त्र, उपकरण वा वाहनहरुको अङ्ग (पार्ट) को रुपमा काम गर्ने बुरुस समेत), हस्तचालित यान्त्रिक कुट्टिम मार्जक (फ्लोर स्वीपर्स), चालक (मोटर) नभएको, लूंडा (मौप्स) र प्वांखका कुचोहरु (डस्टर); कुचो वा बुरुस बनाउनको लागि तयारी गांठो (नट) र मुट्ठाहरु (टफ्ट); पेण्ट प्याडहरु र रोलहरु; स्क्वीजीज (रोलर स्क्वीजीज बाहेक) । | |
| | | -व्यक्तिगत प्रयोगका दांत सफा गर्ने ब्रुसहरु, खौरने कामका ब्रुसहरु, कपाल कोर्ने ब्रुसहरु, नङ सफा गर्ने ब्रुसहरु, परेला सिंगार्ने ब्रुसहरु र अन्य श्रृङ्गारका ब्रुसहरु, उपकरणका अंश वा भागहरु मिलाइएका यस्तै ब्रुसहरु समेत : | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ९६०३.२१.०० | --दांत सफा गर्ने व्रुसहरु, डेन्टल-प्लेटको व्रुसहरु समेत | २५% |

आर्थिक ऐन, २०५८ को अनुसूची-१ को दफा २ देखि २९ सम्मका दफाहरुमध्ये देहायका दफाहरुमा देहाय बमोजिम संशोधन गरिएको छ । यसरी संशोधन गरिएका दफाहरु बाहेक अन्य दफाहरुमा आर्थिक ऐन, २०५८ को अनुसूची-१ बमोजिम हुनेछ ।

१. दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. भारतमा उत्पादित माल वा वस्तु भारतबाटै नेपाल अधिराज्यभित्र पैठारी हुंदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुलमा ४० प्रतिशतसम्मको दरमा १० प्रतिशत र सोभन्दा माथिको दरमा ७ प्रतिशत छुट दिई महसुल असुल गरिनेछ ।"

२. दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ :-

"५. जनवादी गणतन्त्र चीनमा उत्पादित माल वा वस्तु तिव्वत स्वशासित क्षेत्रबाट नेपाल अधिराज्यभित्र पैठारी हुंदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुलमा ५ प्रतिशत छुट दिई महसुल असुल गरिनेछ ।"

३. दफा ९ को उपदफा (३) र (४) को सट्टा देहायका उपदफा (३) र (४) राखिएका छन् :-

"(३) नेपाली कपडा उद्योगहरुले उत्पादन गर्ने कपडा निकासीमूलक तयारी पोशाक उद्योगलाई बिक्री गर्ने भएमा सो कपडा उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ (धागो) पैठारी गर्दा कपडा उद्योग संघको सिफारिसमा उपदफा (१) बमोजिम बण्डेड वेयर हाउसको सुविधा दिन सकिनेछ । यसरी बिक्री गरेको कपडामा खपत भए जति परिमाणको धागोमा लागेको महसुल वापतको रकमको बैंक ग्यारेण्टी तयारी पोशाक उद्योगले पेश गरेमा कपडा उद्योगको बैंक ग्यारेण्टी फुकुवा गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) बण्डेड वेयर हाउसको इजाजतपत्रको लागि पर्न आएका निवेदन उपर भन्सार विभागले आवश्यक जाँचबुझ गरी इजाजतपत्र जारी गर्न सक्नेछ । उत्पादनको अधिकांश भाग भारत निकासी गर्ने उद्योगले उपदफा (१) बमोजिमको सुविधा पाउने गरी श्री ५ को सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति पाएमा ती उद्योगहरुलाई त्यस्तो प्रमाणपत्र जारी गरिनेछ । आफ्नो उत्पादनहरु भारत तथा तेश्रो मुलुक निकासी गर्ने तयारी पोशाक उद्योगलाई यस्तो सुविधा समेत भन्सार विभागले प्रदान गर्नेछ ।"

४. दफा १० को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छ :-

"(७) फुकुवा भएको धरौटी उद्योगले पैठारी गर्ने कच्चा पदार्थमा लाग्ने महसुल र स्थानीय विकास शुल्कमा मिलान गरी पासवुकमा जनाइनेछ । एक महिनासम्म त्यस्तो फुकुवा भएको धरौटी मिलान हुन नसकेमा त्यस्तो बढी भएको धरौटी रकम फिर्ता दिइनेछ ।"

५. दफा १२ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) माल वा वस्तु जांचपास गर्दा वस्तु वर्गीकरण वा वस्तु पहिचान तथा गुणस्तर परीक्षण गर्न आवश्यक देखिएका वा महानिर्देशकले प्रयोगशाला परीक्षण गराई मात्र जाँचपास गर्ने भनी तोकिदिएका माल वा वस्तुहरुको नमूना संकलन गरी परीक्षणका लागि भन्सार अधिकृतले भन्सार प्रयोगशाला वा प्रचलित कानूनले निर्धारित गरेको प्रयोगशालामा पठाउनु पर्नेछ ।"

६. दफा १३ को उपदफा (९) को सट्टा देहायको उपदफा (९) राखिएको छ :-

"(९) विद्युत वा व्याट्रीबाट मात्र चल्ने गरी उत्पादन भएका भाग ८७ का सवारी तथा ढुवानी साधनको पैठारीमा दरवन्दी बमोजिमको महसुलमा ३३ प्रतिशत छुट हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. दफा १४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) श्री ५ को सरकारबाट भन्सार सुविधा (कुटनैतिक सुविधा) वा पूर्ण वा आंशिक महसुल सुविधा पाई वा श्री ५ को सरकारको निर्णयबाट १ प्रतिशत भन्सार महसुल लिई वा लगत वा बैंक ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्रोपकरण वा माल वा वस्तुहरु बिक्री गरेमा वा उपहार दिएमा वा आफैले उपयोग गरेमा माथि अनुसूची -१ बमोजिम लाग्ने कुल भन्सार महसुलको ५० प्रतिशत छुट हुनेछ । आंशिक महसुल छुटमा पैठारी भएका सवारी साधनका हकमा पहिले तिरेको महसुल रकम कट्टा गरी बाँकी महसुल रकम मात्र असुल गरिनेछ ।

तर, यस्ता सवारी साधन, यन्त्रोपकरण वा माल वा वस्तुहरु पैठारी गरेको मितिले ५ वर्ष अवधि व्यतित भईसकेको हुनुपर्नेछ । भन्सार सुविधा (कुटनैतिक सुविधा) वा महसुल सुविधामा पैठारी भएका यस्ता सवारी साधन, यन्त्रोपकरण वा माल वा वस्तुको हकमा सो सुविधा कुनै व्यक्तिको हकमा उपलब्ध गराउंदा निजको नेपाल अधिराज्यमा पदाधिकार रहेको अवधिभर एकपटक मात्र दिइनेछ ।"

८. दफा १४ को उपदफा (२) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर, तोकिएको अवधिभित्र फिर्ता नलगेमा वा महसुल नतिरेमा त्यस्ता पैठारीकर्ताको अभिलेख राखी कारवाही गरिनेछ ।"

९. दफा १५ को उपदफा (६), (७), (१५), (१८), (२०), (२१) र (२६) को सट्टा देहायका उपदफा (६), (७), (१५), (१८), (२०), (२१) र (२६) राखिएका छन् :-

"(६) भन्सार महसुल दरबन्दीको भाग ३० मा पर्ने दरवन्दीमा माफी जनिए बाहेकका औषधिमा माथि जेसुकै लेखिएतापनि ४ प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) भन्सार महसुल दरबन्दीको भाग ८४ अन्तर्गत ५ प्रतिशतसम्म महसुल लाग्ने मिल मेशिनरी एवं यन्त्रोपकरणहरु (मोल्डिङ गर्ने सांचो समेत) मा (पार्टपुर्जा बाहेक) को पैठारीमा २.५ प्रतिशत महसुल लाग्ने गरी ५० प्रतिशत भन्सार महसुल छुट हुनेछ । यस्ता मेशिनहरु सि.के.डी र एस. के. डी. अवस्थामा पैठारी हुंदा उल्लिखित सुविधा प्रदान गर्न द्विविधा भएमा न्यूनतम लाग्ने २.५ प्रतिशत महसुल पैठारीकै अवस्थामा असुल गरी बाँकी दरबंन्दी अनुसार लाग्ने महसुलको बैंक ग्यारेण्टी लिई जांचपास गर्न सकिनेछ र औद्योगिक स्थलमा मेशिन सम्पूर्ण रुपमा जडान भइसकेपछि मेशिन ठहरिने जति सामानको बैंक ग्यारेण्टी फुकुवा गरिनेछ ।

(१५) खाद्य उद्योगले आफ्नो उत्पादन खुद्रा बिक्रीको लागि प्याक गर्न पैठारी गर्ने भाग ३९ अन्तर्गत पर्ने प्याकिङ्ग मेटेरियल्स विदेशबाटै सम्बन्धित उद्योगको नाममा छापिएर पैठारी भएमा र फलफूल प्याक गर्ने प्लाष्टिक कोटेड बक्सामा लाग्ने महसुलमा ५० प्रतिशत छुट हुनेछ ।

(१८) उपशीर्षक ८४३२.१०.००, ८४३२.२१.००, ८४३२.२९.००, ८४३२.३०.०० र ८४३२.४०.०० मा पर्ने कृषि तथा वागवानीमा प्रयोग हुने हलो, ह्यारो, बीउ तथा विरुवा रोप्ने (सिडर्स, प्लाण्टर्स, ट्रान्सप्लाण्टर्स), मल छर्ने (म्यान्योर स्प्रेडर्स र फर्टिलाइजर डिष्ट्रिव्यूटर्स) र उपशीर्षक ८४३३.५१.००, ८४३३.५३.०० र ८४३३.५९.०० मा पर्ने कृषि कार्यमा प्रयोग हुने हार्भेष्टिङ्ग सम्वन्धी यन्त्र तथा यन्त्रावलीहरुमा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट हुनेछ ।

(२०) शीर्षक ३२१५ को लेख्ने तथा छाप्ने मसी र शीर्षक ३८१४ को थिनर सोल्भेन्टमा १० प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(२१) शीर्षक १५२० को ग्लिसोरोल, शीर्षक ७६०१ को अप्रभावित आल्मुनियम र उपशीर्षक ७६०४.२१.०० को आल्मुनियमको खोक्रो प्रोफाइलहरुमा ५ प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२६) शीर्षक ८४७३ मा पर्ने कम्प्यूटर पार्टसमा २.५ प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।"

१०. दफा १५ को उपदफा (२८) पछि देहायको उपदफा (२९) थपिएकोछ :-

"(२९) उपशीर्षक २४०१.१०.००, २४०१.२०.०० र २४०१.३०.०० मा पर्ने सूर्ति र सूर्तिको अवशेषको पैठारीमा १५% मात्र भन्सार महसुल लाग्नेछ र उपशीर्षक ४८०२.३०.०० वाहेकको शीर्षक ४८०२ का अन्य उपशीर्षकमा पर्ने कागजमा २० प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।"

११. दफा १७ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :-

"(६) कृषि तथा पशुजन्य उद्योगमा प्रयोग हुने सेपरेटर, मिल्क चिलिङ भ्याट, लिक्वीड नाइट्रोजन, औद्योगिक रेफ्रिजरेटर, कन्टेनर र शीर्षक ८४३६ को इन्कुवेटर, फिडिङ प्लाण्ट, (सामान्य भाडावर्तन वाहेकका कुखुराको दाना खुवाउने विशेष किसिमका भाडा) र कुखुरा पालन व्यवसायका लागि आवश्यक पर्ने सम्पूर्ण यन्त्र (यस्ता यन्त्र उपकरणहरु सि.के.डी. वा एस. के. डी. रुपमा पैठारी हुंदा द्विविधा पर्न गएमा पैठारी गर्दाकै अवस्थामा १ प्रतिशत भन्सार महसुल लिई बाँकी महसुल वापतको बैंक ग्यारेण्टी लिने र उक्त यन्त्रोपकरण जडान भईसकेपछि मेशिन ठहरिएमा उक्त बैंक ग्यारेण्टी फुकुवा गरिनेछ ।) "

१२. दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छ :-

"२१. नेपाल ह्याचरी उद्योग संघको सिफारिसमा शीर्षक ०१०५ अन्तर्गत पर्ने माउ जाती (भाले पोथी) को चल्ला पैठारीमा भन्सार महसुल तथा कृषि सुधार शुल्क छुट हुनेछ । "

१३. दफा २५ को उपदफा (५) र (८) को सट्टा देहायको उपदफा (५) र (८) राखिएका छन् :-

"(५) नेपाल अधिराज्यमा खिचिंएको सिनेमा सम्बन्धी फिल्म धुन वा प्रिन्ट गर्न वा डेभलप गर्न विदेशमा लगी पुनः पैठारी गर्दा प्रति मिटर रु.३।- मात्र भन्सार महसुल लाग्ने गरी बाँकी महसुल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छुट हुनेछ र साउण्ड रेकर्ड गरी पैठारी भएकोमा प्रति मिटर रु.१।- मात्र महसुल लाग्ने गरी बाँकी महसुल छूट हुनेछ ।

(८) स्थायी स्वीकृत प्राप्त ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी, राफ्टिङ्ग एजेन्सी र तारे तथा रिसोर्ट होटलले पर्यटन मन्त्रालयको सिफारिसमा पैठारी गरेको लग्जरी कोच, माइक्रोबस र मिनिबसमध्ये जम्मा दुई थानमा लाग्ने भंसार महसुलमा ५० प्रतिशत छुट हुनेछ ।

तर यसरी पैठारी हुने सवारी साधनहरु पैठारी भएको १० वर्षसम्म निजी सवारीको रुपमा दर्ता गर्न वा नामसारी गर्न नपाइने र सवारी साधनमा बाहिरपट्टी त्यस्ता एजेन्सी वा होटलको नाम लेखिएको हुनुपर्नेछ । यस्ता सवारी साधन १० वर्ष नविती नामसारी गरेमा नियमानुसार पुरै भन्सार महसुल लाग्नेछ र १० वर्षपछि नामसारी भएमा भन्सार महसुल लाग्ने छैन ।"

१४. दफा २९ को उपदफा (३) र (४) को सट्टा देहायको उपदफा (३) र (४) राखिएका छन् :-

"(३) पैठारी भएका माल वा वस्तु भन्सार जाँचपास गरिसकेपछि त्यस्ता माल वा वस्तु लादिएका ट्रक, कन्टेनर (ढुवानी साधन) मा सम्भव भएसम्म सिलछाप लगाई प्रज्ञापनपत्रमा उल्लिखित गन्तव्य स्थलसम्म जान पाउँने गरी प्रमाणित गरिनेछ । सिलछाप लगाउँने प्रयोजनका लागि ढुवानी साधनमा सिलछाप लगाउँन सकिने गरी व्यवस्था गर्न पैठारीकर्तालाई भन्सार अधिकृतले आदेश दिन सक्नेछ । उपरोक्तानुसार सिलछाप गरिएका ढुवानी साधन र त्यसमा रहेका माल वा वस्तु भन्सार विन्दूदेखि गन्तव्य स्थलको बीचमा राजस्व अनुसन्धान विभाग बाहेक अन्य निकायले खोल्न, हेर्न र जाँच्न पाउने छैन ।

(४) नेपाल अधिराज्यभित्र पैठारी हुने माल वा वस्तुको प्रतितपत्र खोल्दाकै अवस्थामा माल वा वस्तुको किटानी (स्पेसिफिक) विवरण, वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रति इकाई मूल्य र परिमाण, उत्पत्तिको मुलुक एवं यथासंभव सामानको प्रकृति अनुसार मोडेल नम्बर र कम्पनी समेत प्रतितपत्र मै खुलाउनु पर्नेछ । प्रतितपत्र वा पेश भएका विल विजकमा उपरोक्त बमोजिम उल्लेख भई नआएमा भन्सार अधिकृतले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यक विवरण माग गर्न सक्नेछ । यसरी प्राप्त विवरणका आधारमा पनि किटानी (स्पेसिफिक) हुन नसकेमा सो माल वा वस्तुको भौतिक परीक्षण गरी सोबाट प्राप्त किटानी विवरण भन्सार प्रज्ञापनपत्रमा उल्लेख गरी जाँचपास गर्नु पर्नेछ ।"

१५. खारेजी : आर्थिक ऐन, २०५८ को अनुसूची- १ को दफा ३, दफा १३ को उपदफा (१४) र भाग ३९ को द्रष्टव्य (१) खारेज गरिएका छन् ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५४५

## अनुसूची-२

नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने माल वा वस्तुमा आर्थिक ऐन, २०५८ को अनुसूची-२ मा उल्लिखित भागहरुमा उल्लेख भएका मध्ये देहायका शीर्षक/उपशीर्षकहरुका माल वा वस्तुहरुमा देहायमा लेखिए बमोजिम निकासी भन्सार महसुल लाग्नेछ । सो देखि बाहेक अन्य माल वा वस्तुको निकासीका हकमा आर्थिक ऐन, २०५८ को अनुसूची- २ बमोजिम निकासी भन्सार महसुल लाग्नेछ ।

| शीर्षक | उपशीर्षक | माल वा वस्तुको विवरण | निकासी भन्सार महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा) |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| १७.०३ | | चिनी बनाउदा निस्कने शिरा वा उखुको रस (टेमाछुवा खुदो समेत) । | |
| | १७०३.१०.०० | -उखुको खुंदो | प्र.किलो -।२५ |
| | १७०३.९०.०० | -अन्य | प्र.किलो -।२५ |
| २३.०२ | | खाद्यान्न वा दलहनको वोटबाट निफनेर वा पिंधेर वा अरु प्रक्रियाद्वारा उपलव्ध हुने पेलेटको रुपमा रहेको वा नरहेको ढुटो आउने चोकर र अन्य अवशेष । | |
| | २३०२.२०.०० | -धानको ढुटो (राइस ब्रान) | प्र.किलो -।२५ |
| ५५.०९ | | खुद्रा बिक्रीको लागि नराखिएको संश्लेपित स्टेपल रेशाका धागो (सिउने धागो बाहेक) । | |
| | | तौलमा ८५ प्रतिशत वा बढी एक्रेलिक वा मोडाक्रेलिक स्टेपल रेशाहरु भएको : | |
| | ५५०९.३१.०० | -एकल धागो (सिङ्गल यार्न) | २% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ५५०९.३२.०० | -बहुल (दोव्याएको) वा केवुल्ड धागो | २% |
| | | एक्रेलिक वा मोडाक्रेलिक स्टेपलरेशाहरुको अन्य धागो : | |
| | ५५०९.६१.०० | -मुख्यत: वा पूर्णत: ऊन वा जीवजन्तुको मसिनो रौंसंग मिसाइएको | २% |
| | ५५०९.६२.०० | -मुख्यत: वा पूर्णत: कपाससंग मिसाइएको | २% |
| | ५५०९.६९.०० | -अन्य | २% |
| ७२.१० | | ६०० मि.मि.वा सो भन्दा बढी चौडाइको, आच्छादित,(क्ल्याड्), जलप (प्लेटेड) वा लेपित (कोटेड्) गरिएका फलाम वा अमिश्रित ईस्पात (नन्एल्वाय) का फ्ल्याट-रोल्ड उत्पादनहरु । | |
| | | -अन्य किसिमबाट जस्ता (जिङ्क) को जलप वा लेप लगाइएको : | |
| | ७२१०.४१.०० | --कर्कटीकृ (गरागरा पारिएको वा कोरुगेटेड्) | १% |
| ७४.०९ | | मोटाइमा ०.१५ मी.मी. भन्दा बढी भएको तामाको पाता, चादर र स्ट्रिप । | |
| | | -प्रशोधित तामाको : | |
| | ७४०९.११.०० | --कुण्डली (क्वायल) मा | ६% |
| | ७४०९.१९.०० | --अन्य, | ६% |

लालमोहर सदर मितिः २०६०।३।१६।२

आज्ञाले,

उदय नेपाली श्रेष्ठ

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।